# विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

## उच्चशिक्षामा छात्रवृत्तिका लागि आवेदन दिने म्याद थप सम्बन्धी सूचना

विश्वविद्यालय अनुदान आयोग कार्यक्रम कार्यविधि २०८१ तथा उच्चशिक्षा छात्रवृत्ति व्यवस्थापन (पहिलो संसोधन) निर्देशिका, २०८० अनुरुप उच्च शिक्षामा पहुँच अभिवृद्धिका लागि अपाङ्गता भएका, आर्थिकरूपले विपन्न वा दलित, शहीद तथा द्वन्द्व पीडितका सन्तति, मुक्त कमलरी र मुस्लिम महिला विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम अनुरुप न्यूनतम् योग्यता पूरा गरेका आर्थिक वर्ष २०८१/०८२ मा स्नातक/स्नातकोत्तर तहका प्रथम वर्षमा भर्ना भई अध्ययनरत इच्छुक विद्यार्थीहरुबाट यही २०८१ चैत्र १३ गते भित्र छात्रवृत्ति सम्बन्धी दरखास्त फारम भर्ने अन्तिम मिति रहेकोमा विद्यार्थीको हितलाई ध्यानमा राखी यही २०८१ चैत्र २५ गते सम्म म्याद थप गरिएको जानकारी गराइन्छ। छात्रवृत्ति आवेदनको लागि आयोगको वेभसाइट www.ugcnepal.edu.np मा भएको Scholarship मा Click गरी Online माध्यमबाट भरी निर्धारित आवश्यक कागजात तथा सिफारिश पत्र समेत Upload गर्नु हुन जानकारी गराइन्छ।

विद्यार्थीले दरखास्त फारामका साथ निम्नानुसार कागजात अनिवार्य upload गर्नु पर्नेछ ::

(१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(२) सम्बन्धित शैक्षिक संस्थामा भर्ना भएको प्रमाण (भर्ना बिल वा सिफारिस पत्र)

(३) सिफारिस पत्र (अनुसूची २) - वेवसाइटको Scholarship बाट डाउनलोड गरी सम्बन्धित निकायबाट सिफारिश भएको।

(४) पछिल्लो शैक्षिक उपाधिको ट्रान्सक्रिप्टको प्रतिलिपि

(५) खातावाला विद्यार्थीको बैंक खाताको चेकबुकको प्रतिलिपि

(६) सम्बन्धित वर्ग खुल्ने प्रमाणपत्र /सिफारिस पत्र

(क) शहीद वा द्वन्द्व पीडितका छोराछोरीका हकमा सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालय वा नेपाल सरकारले तोकेको निकायबाट शहीद वा द्वन्द्व पीडितका छोराछोरी भएको भन्ने सिफारिस पत्र

(ख) अपाङ्गको हकमा अपाङ्गता सम्बन्धी प्रमाण (अपाङ्गताको वर्ग खुलेको हुनुपर्ने)

(ग) दलितको हकमा दलित जातजाति भएको प्रमाण

(घ) मुक्त कमलरीको हकमा मुक्त कमलरी भएको प्रमाण

(ङ) मुस्लिम महिलाको हकमा मुस्लिम भएको प्रमाण

(च) आर्थिकरूपले विपन्नको हकमा नेपाल सरकार वा अन्तर्गतका निकायद्वारा विपन्न घरपरिवार भनी जारी/सिफारिश प्रमाणपत्र

आयोगबाट छात्रवृत्तिका लागि छनौट भइ पहिलो, दोस्रो वा तेस्रो किस्ता प्राप्त गरेका विद्यार्थीले उच्चशिक्षा छात्रवृत्ति व्यवस्थापन (पहिलो संसोधन) निर्देशिका, २०८० को अनुसूची-५ को फारम भरी बाँकी रहेको किस्ता प्राप्तिका लागि प्रगति विवरण (लब्धाङ्क पत्र) समेत संलग्न गरी पेश गर्नु पर्नेछ।

पहिला छात्रवृत्ति प्राप्त गरिसकेका विद्यार्थीहरुले अनिवार्य निम्नानुसारको कागजात upload गर्नु पर्नेछ।

(१) अनुसूची-५

(२) प्रगति विवरण (लब्धाङ्क पत्र)

(३) खातावाला विद्यार्थीको बैंक खाताको चेकबुकको प्रतिलिपि (बैंकको नाम, खाता नम्बर, बैंकको ठेगाना आदि)

तोकिएको अन्तिम मिति पछि प्राप्त भएका वा आवश्यक कागजातहरु संलग्न नभएका आवेदन उपर कुनै कारवाही गरिने छैन। आयोगबाट एकै तहमा अध्ययनका लागि कुनै पनि विद्यार्थीलाई दोहोरो छात्रवृत्ति उपलब्ध गराइने छैन।

पुनश्च : (१) आर्थिक रुपले विपन्न वा दलित कोटा अन्तर्गत NEHEP कार्यक्रमबाट प्रदान गरिने छात्रवृत्ति परियोजना अवधिभर मात्र प्रदान गरिनेछ।

(२) नयाँ आवेदन दिने शहीद तथा द्वन्द्व पीडितका सन्तति र अपाङ्गता भएका विद्यार्थी बाहेक अन्य वर्गका लागि आवेदन दिने समयमा स्नातक तहको लागि २५ वर्ष र स्नातकोत्तर तहको लागि ३० वर्ष उमेर ननाघेको हुनुपर्नेछ।

(३) छात्रवृत्ति नविकरण गर्नु पर्ने विद्यार्थीले नयाँ आवेदन पेश गरेमा सो आवेदन मान्य हुनेछैन।

**विस्तृत जानकारीका लागि**

छात्रवृत्ति शाखा

विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

फोन नः ०१६६३८५४९, ६६३८५५०, ६६३८५५१ (एक्स्टेन्सन नं. १२२, १२३)

इमेलः scholarship@ugcnepal.edu.np

वेवसाइटः www.ugcnepal.edu.np